## मिति २०८२/०६/०४ गतेको अठारौ विशेष नगर सभा

## <u>बैठकको निर्णय तथा गतिबिधीहरु</u>

१. नगरपालिकाको अठारौं विशेष नगर सभाको पहिलो बैठक ११:१५ बजे राष्ट्रिय धुन सहित सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्य द्वारा बैठकको कारबाही प्रारम्भ भयो ।

२. विभिन्न कालखण्डमा राजनैतीक परिवर्तन एवं लोकतान्त्रिक आन्दोलनहरुमा शहादतप्राप्त कोहलपुर नगर क्षेत्रभित्रका एवं नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, स्वाधिनता, स्वाभिमान एवं राष्ट्रियताको रक्षाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात आत्माहरुको सम्झनामा सबै जना आआफ्नो ठाउँमा उठेर एक मिनेट मौन धारण गरियो ।

३. सभाध्यक्षको अनुमतिले नगर उपप्रमुख श्री संगिता सुबेदीले आ.ब. २०८२/०८३ को विनियोजनमा संशोधन प्रस्ताव पेश गर्नुभयो ।

४. यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम संशोधनमा सभामा छलफल भयो । सो क्रममा सभाका सदस्यहरुबाट बजेट तथा कार्यक्रम संशोधनका क्रममा छुट भएका विषयहरु समेतका बारेमा प्रस्ताव प्राप्त भयो । साथै बैठकमा आन्दोलनका क्रममा क्षति भएका केही वडाहरुको बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव समेत पेश भयो ।

५. नगर प्रमुख ज्यूले नगर कार्यपालिकाको तर्फबाट पेश भएको अनुसूची १ बमोजिमको बजेट तथा कार्यक्रम संशोधन स्वीकृतिका लागि निर्णयार्थ पेश हुँदा ध्वनी मतका आधारमा पारित भयो।

६. कोहलपुर नगरपालिकामा खेलकुद आयोजना गरे वापत क्रिसा कप प्रतियोगिता सञ्चालन गरे वापत भुक्तानी हुन बाँकी रकम दायित्वमा समावेश हुन छुट हुन गएकाले पेज नं. १४३ भुक्तानी हुन बाँकी दायित्वको सि.नं. १७८ स्रोत निकासा भएसम्म आंशिक भुक्तानी भई बाँकी रकम भुक्तानी हुन नसकेको एकिन हुन आएमा निर्णय बमोजिम भुक्तानी हुने गरी वा भुक्तानी छुट भएको रकम निर्णय बमोजिम भुक्तानी हुने गरी एकमुष्ट शीर्षकबाट रु.१(एक) लाख भुक्तानी दिने ।

७. जेन्जी आन्दोलनबाट क्षतिग्रस्त प्रशासनिक भवन, सेवा प्रवाहका लागि आवश्यक पुर्वाधार लगायत को ब्यवस्था गरि तत्काल सेवा प्रवाह सुचारु गर्न अनुसुचि ०१ बमोजिम केही योजना/कार्यक्रम थप घट सहितको अध्ययाविध आय ब्यय विवरण पारित गरियो ।

८. ग २.७ तर्फका तपशिलका ब.उ.शि.न मा रहेको कुल ५०९९५९१.७७ मौज्जाद लाई ग १.१ आन्तरिक राजस्व खाता मार्फत सचिंत कोष खातामा टान्सफर गर्ने गरि आन्तरिक राजस्व तर्फको आय प्रक्षेपण अनुसुचि ०२ लाई सशोंधन सहित पारित गरियो।



पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

CamScanner

| खाता | उप शिर्षकहरु | रकम |
|---|---|---|
| ग २.७ विविध खर्च खाता | सडक वोर्ड /विविध राजस्व | ३७३०३७५.२५ |
| | राष्ट्रिय खेलकुद विकास समिति | ६६१९६ |
| | नगर विकास समिति | ०.५२ |
| | प्रदेश तथा स्थानीय सरकार सहयोग का | १३०३०२० |
| | जम्मा | ५०९९५९१.७७ |

९. लेखा समितिका अध्यक्ष्य श्री गोमा खनालबाट आ.व ०८१।०८२ तर्फको बेरुजु दफा १८,२१,३५,३६,४२(२),सहितको अनुसुचि ०३ बमोजिम सभामा नियमित गर्न पेश गर्नुभएको प्रतिवेदन उपर सर्व सम्मत नियमित गर्ने गरि पारित गरियो ।

१०. आ.व ०८१।०८२ तर्फ भुक्तानि दिन बाकि मध्ये छुट रहेको रकम भुक्तानी का लागि कार्यपालिकाको निर्णय का आधारमा अनुसुचि ०३ र अनुसुचि ०४ बाट हुनेगरी गर्ने ।

११. जेन्जी आन्दोलनबाट क्षति भएका सवारि साधनको विमावाट रकम उपलब्धताका आधारमा आवश्यक सवारि साधन कार्यापालिकाको निर्णय बमोजिम खरिद गर्ने ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख



CamScanner